जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २१ २०८२ साल साउन २७ गते मंगलबार (12 Aug 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : परिपूर्ण लोकतन्त्रको चाहना... ३ पृष्ठमा : धेरै मुद्दा फछर्यौट गर्ने ... ३ पृष्ठमा गाजामा भएको इजरायली ...

# माइक्रो र बस ठोकिदा सप्तरीका तीन जनासहित पाँचको मृत्यु




**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

राजविराजबाट बिराटनगरतर्फ जाँदै गरेको माइक्रो र काँकडभिट्टाबाट दिक्तेल तर्फ जादै गरेको यात्रु बाहक बस सुनसरीमा एक आपसमा ठोक्किदा पाँच जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सप्तरीका एक दम्पत्तिसहित तीन जना छन् । अन्य दुई जना सुनसरी र मोरङका छन् ।

पूर्व पश्चिमलोकमार्ग अन्तर्गत सुनसरीको नरसिंह गाउँपालिका ३ भोक्राहास्थित जमुवा टोलमा सोमबार बिहान प्र.२९०१९००१ज.००४७ नम्वरको माइक्रो र मे.१ख. १७९९ नम्वरको यात्रु बाहक बस एक आपसमा ठोक्किएर पाँच जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता, डीएसपी योगराज खतिवडाका अनुसार घटनामा गम्भीर घाइते भएकाहरूको मृत्यु भएको हो भने दुर्घटनामा १५ जना घाइते भएका छन् ।

दुर्घटनामा परी मृत्यु हुनेमा सप्तरीको तिरहुत गाउँपालिका २ निवासी ६८ वर्षीय जिवछ महात्मान र उनकी ५२ वर्षीया पत्नी छन् । यस्तै सप्तरीकै महादेवा गाउँपालिका ६ बस्ने अन्दाजी ३५ वर्षीय शंकर मण्डल, सुनसरीको कोशी गाउँपालिका ६ बस्ने अन्दाजी ७० वर्षीय लक्ष्मण सदा र विराटनगर बस्ने अशोक यादव छन् ।

तिरहुत गाउँपालिका २ का श्रीमान-श्रीमती बिराटनगर उपचारका लागि जाँदै गर्दा सडक दुर्घटनामा परी ज्यान गुमाएका हुन् । उनीहरू बिहान ७ बजे भारदहबाट माइक्रो बस चढेर बिराटनगर उपचारका लागी जाँदै थिए ।

मृतक सबै माइक्रोमा सवार रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । घटनामा गम्भीर घाइते भएकाहरुलाई ग्लोबल कार्डियो एण्ड न्यूरो अस्पताल बिराटनगर र जिल्ला अस्पताल इनरुवा उपचारका लागि पठाइएको छ ।

दुर्घटनामा सप्तरीको महादेवा गाउँपालिका ६ बस्ने रवीन्द्र प्रसाद मण्डल, तिरहुत गाउँपालिका ६ बस्ने रवीन्द्र मेहता, राजविराज नगरपालिका ६ बस्ने १० वर्षीय रुद्र राय, राजविराज १२ बस्ने ४४ वर्षीय प्रमोद रजक, सप्तरीकै तिलाठी कोइलाडी गाउँपालिका ५ बस्ने २२ वर्षीय रवि राय, राजविराज २ बस्ने २४ वर्षीय भोला यादव, राजबिराज २ तेतरीगाछी बस्ने ३५ वर्षीय प्रदीप यादव, सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ बस्ने ३० वर्षीया

***बाँकी अन्तिम पृष्ठमा***

# छुट्टाछुट्टै सवारी दुर्घटनामा एक महिलासहित दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको छुट्टाछुट्टै दुई स्थानमा सोमबार भएको सवारी दुर्घटनामा एक महिलासहित दुई जनाको मृत्यु भएको छ ।

सोमबार बिहान जिल्लाको शम्भुनाथ नगरपालिका ८ पोखरियास्थित भित्री सडक खण्डमा टेम्पु र मोटरसाइकल एक आपसमा ठोकिदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पोखरियाबाट देवघाटतर्फ जाँदै गरेको प्रदेश २-०१-००१ स १०२५ न.को टेम्पु रिक्सा र बिपरित दिशाबाट आँउदै गरेको मधेश प्रदेश ०१-००५प.५७३३ न.को मोटरसाइकल एक आपसमा ठोक्किदा मोटरसाइकल चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा जिल्लाको शम्भुनाथ २ कनकपट्टी बस्ने २४ वर्षिय अजय कुमार चौधरी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार दुर्घटनामा परी गम्भिर घाइते भएका मोटरसाइकल चालक चौधरीको उपचारका क्रममा गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा मृत्यु भएको हो ।

यता सोही दुर्घटनामा घाइते भएका टेम्पु चालक शम्भुनाथ ८ पोखरिया बस्ने ४५ वर्षिय मणिलाल मण्डल र सोही टेम्पुमा सवार निजकै श्रीमती ४० वर्षिया आशा देवी मण्डलको एडभान्स अस्पताल कल्याणपुर सप्तरीमा उपचार भई रहेको प्रहरीले जनाएको छ ।

यसैगरि सोही दिन दिउँसो जिल्लाको बलान बिहुल गाउँपालिकामा भएको मोटरसाइकल दुर्घटनामामा सोही गाउँपालिका २ दिघिया टोल बस्ने ३० बर्षीया शान्ति कुमारी यादवको ज्यान गएको हो ।

प्रहरीका अनुसार देवर गयाप्रसाद यादवले चलाएको अन टेस्ट मोटरसाइकलमा आफ्ना तीन बर्षीय छोरा समेतलाई लिई शान्ति बोदेबर्साइनबाट चन्हीतर्फ गइरहेकी थिइन् ।

सोही क्रममा बलान बिहुल ६ शेहरा चौकस्थित हुलाकी सड्क खण्डमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाईकल चालक गयाप्रसाद, शान्तिदेवी र उनका तीन बर्षीय छोरा आदित्य घाइते भएका थिए । उनीहरुलाई उपचारका लागि अस्पताल पुर्‍याएकोमा शान्तिदेवीलाई चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ ।

# राजविराज नगरवासीद्वारा गठित संघर्ष समितिले गर्‍यो चौथो चरणको आन्दोलन घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

दशकौंदेखी ब्लक, बिटोरी जग्गाको लालपूर्जा पाउनबाट बञ्चित राजविराज नगरवासीद्वारा गठित संघर्ष समितिले चौथो चरणको आन्दोलन घोषणा गरेको छ ।

यस अघि तीन चरणको आन्दोलन गरिसकेका संघर्ष समितिले माग पुरा नभएपछि चौथो चरणको आन्दोलन घोषणा गरेको हो ।

संघर्ष समितिका संयोजक इरसाद अन्सारीको नेतृत्वमा सोमबार प्रमुख जिल्ला अधिकार भोला दाहाललाई आन्दोलनको घोषणाका साथै ६ बुँदे माग अघि सार्दै ज्ञापनपत्र समेत बुझाइएको छ ।

बुझाइएको ज्ञापनपत्रमा भदौ ५ गते स्थानीय गजेन्द्र चोकमा पत्रकार सम्मेलन गर्ने, ७ गते लाठी जुलुससहित खबरदारी सभाको आयोजना गर्ने, ९ गते सिटी जुलस प्रदर्शन गरिने, ११ गते राजविराज नगरपालिकामा २ घण्टा धर्ना दिने, १४ गते मसाल जुलुस प्रदर्शन गर्ने, १५ गते राजविराज बजार बन्द गरी नगरपालिका कार्यालयमा ताला लगाउने कार्यक्रम रहेको छ ।

यस्तै १६ गते संघर्ष समिति तथा नगरबासीको वृहत बैठक बसी आन्दोलनको समीक्षा गर्दै पाँचौ चरणको आन्दोलन घोषणा गरिने संघर्ष समितिका संयोजक अन्सारीले जानकारी दिए ।

यसैगरि सोही ज्ञापनपत्रमा

***बाँकी अन्तिम पृष्ठमा***




## सम्पादकीय

# सडक दुर्घटना न्यूनिकरण अत्यन्त आवश्यक

नेपालमा सडक दुर्घटनाको दर दिनानुदिन बढ्दो छ। यसको कारण चालकको लापरबाही, सडकको कमजोर संरचना, ट्राफिक नियमको अवज्ञा र सवारी साधनको कमजोर मर्मत प्रमुख हुन्। यसले मानव जीवनको क्षति मात्र नभई आर्थिक, सामाजिक र मानसिक असर पनि पुर्याउँछ। सबैभन्दा पहिला, सडक पूर्वाधार सुधार अत्यावश्यक छ। गुणस्तरीय निर्माण, नियमित मर्मत, सडकमा स्पष्ट लेन मार्किङ, र आवश्यक स्थानमा साइनबोर्ड तथा प्रकाश व्यवस्था हुनुपर्छ। पहाडी तथा भीडभाड क्षेत्रका सडकमा सुरक्षा पर्खाल, गति नियन्त्रण साधन र पैदल यात्रु क्रसिङको व्यवस्था अनिवार्य हुनुपर्छ। यस्तै चालकको दक्षता र अनुशासनमा ध्यान दिनु जरुरी छ। सवारी अनुमति पत्र (लाईसेन्स) दिने प्रक्रियालाई कडा बनाउनुपर्छ र चालकलाई नियमित तालिम दिनुपर्छ। मादक पदार्थ सेवन गरेर वा मोबाइल फोन प्रयोग गर्दै गाडी चलाउने प्रवृत्तिमा कडा निगरानी र कारबाही हुनुपर्छ।

प्रभावकारी ट्राफिक व्यवस्थापन आवश्यक छ। ट्राफिक प्रहरीलाई पर्याप्त जनशक्ति, प्रविधि र स्रोत उपलब्ध गराई निगरानी प्रणाली लागू गर्नुपर्छ। दुर्घटना सम्भावना भएका स्थानहरू पहिचान गरी तुरुन्त सुधार गरिनुपर्छ। सवारी साधनको नियमित जाँच अनिवार्य गर्नुपर्छ। पुराना र प्राविधिक रूपमा असुरक्षित गाडी सडकमा नचल्ने व्यवस्था गर्नुपर्छ। यात्री क्षमताभन्दा बढी यात्रु बोकेको वा अत्यधिक सामान लोड गरेको गाडीमा तत्काल कारबाही हुनुपर्छ।

तसर्थ यसप्रति जनचेतना अभिवृद्धि दीर्घकालीन समाधान हो। विद्यालय, सामुदायिक संस्था र सञ्चार माध्यममार्फत सडक सुरक्षा शिक्षा फैलाउनु जरुरी छ। चालक मात्र होइन, पैदल यात्री र यात्रु पनि नियमको पालना गर्नुपर्छ भन्ने चेतना बढाउनुपर्छ। सडक दुर्घटना न्यूनिकरण कुनै एकपटकको काम होइन; यो निरन्तर प्रयास र सबैको सहभागिता चाहिने प्रक्रिया हो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# परिपूर्ण लोकतन्त्रको चाहना र निर्वाचन प्रणाली

**केपी शर्मा ओली**

काठमाडौँ, २६ साउन (रासस)।

हाम्रो विद्यमान राजनीतिक प्रणालीणीको कार्यान्वयनमा कतिपय कमिकमजोरीहरू होलान्। त्यो कमजोरी प्रणालीको होइन, प्रक्रियामा होला। प्रक्रियालाई ठीक ढङ्गले कार्यान्वयन गर्ने प्रश्नमा हो। त्यस्तो अवस्थामा हामी न संविधानलाई दोष दिन सक्छौँ, न प्रणालीलाई दोष दिन सक्छौँ। त्यो प्रणालीअन्तर्गतका ऐजेरु हुन्। एउटा रुखमा अर्कै जात पलाउँछ, त्यसलाई ऐजेरु भनिन्छ। एक ठाउँमा निर्वाचन भयो, निर्वाचन अधिकृतले निर्वाचनमा बुथ कब्जा भएको, जनताले भोट हाल्न नपाएको देखेनन्। आफ्नै अगाडि भएको कुरालाई केही पनि भएको छैन भनेर सिफारिस गरे। निर्वाचनपछि सरकार बन्यो। निर्वाचित मान्छेले निर्वाचन गराउने र धाँधली भएको नदेख्ने मान्छेलाई न्यायाधीश नियुक्त गरे। यो प्रणालीको कुरा होइन। म प्रणालीलाई दोष दिइरहनुपर्छ भन्ने ठान्दिन। यो व्यक्तिगत मनोवृत्ति हो। प्रणालीले त्यसो भन्दैन। प्रक्रियाले पनि त्यसो भन्दैन। तर प्रणाली कार्यान्वयन गर्ने प्रक्रिया अवलम्बन गरिरहँदा त्यसलाई पालना नगरेर उल्टो बाटो हिँडेको कुरा हो। यो त्यसलाई अस्वीकार गरेको कुरा हो। यो लोकतन्त्रलाई अस्वीकार गरेको कुरा हो।

मेरो पहिलो निर्वाचन २०४८ सालमा हाम्रा साथीहरूले रु ४३ हजार चन्दा उठाएका थिए। रु २१ हजार निर्वाचनमा खर्च भयो। बसको छतमा चढेर हिँड्दा साथीहरू खसे। दुई जनाको उपचार गर्दा रु १२ हजार खर्च भयो। चुनावपछि पार्टीको कोषमा रु १० हजार बचत रह्यो। त्यसो भएर यो कालोधनलाई ठीकठाक पार्ने समय निर्वाचनजस्तो कुरा पनि होइन।

मेरो अनुभव छ, त्यस चुनावमा हाम्रो पार्टीको महासचिव माधवकुमार नेपाल हुनुहुन्थ्यो। चुनावमा जाँदा उहाँले मलाई बाटो खर्च भनेर दुई सय रुपैयाँ दिनुभएको थियो। एक सय असी रुपैयाँ बस भाडा थियो। रातिको बस थियो। बीचमा खाना खानका लागि रु २० दिनुभएको थियो। एउटा साथी भेटियो, सँगै खाना खायौँ, तपाईंले तिर्नुपर्दैन, म तिर्छु भनेर मेरो खानाको पनि उनैले तिरे, रु २० बच्यो। चुनाव सिद्धिएको एक दुई दिनपछि पाँच/सात जना साथीसँग भेट भएको थियो। ती साथीहरूले भने- तपाईंले एक कप चिया पनि नखुवाई चुनाव सिध्याउने, चुनावमा विजयी भएर जाने, यो त ज्यादती नै हो। मैले भनेँ, मलाई पार्टीले दिएको २० रुपैयाँ मेरो खल्तीमा सुरक्षित छ। त्यसकारण पाँच सात जनालाई चिया खान पुग्छ, त्यसबेला एक रूपैयाँ कप चिया पाइन्थ्यो। पाँच सात जनालाई चिया खान पुग्छ भनेर खाएका थियौँ।

विगत दुईवटा आमनिर्वाचनमा सर्वाधिक भोट ल्याएर नेपालमा जितेको सांसद म हुँ। कुनै प्रकारको 'अनफेयर' चिज नगरी, कतै बुथ कब्जा नगरी, कतै कसैलाई धम्की नदिई, कुनै अनुचित क्रियाकलाप नगरी, एकदम स्वच्छताका साथ जनताले भोट दिएर जितेको हुँ। न बल प्रयोग, न धन प्रयोग।

म २०५१/५२ सालमा गृहमन्त्री थिए। म भएको सरकारले निर्वाचन घोषणा गरेको थियो। पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल त्यसबेला गृहसचिव हुनुहुन्थ्यो। त्यतिबेला मैले प्रहरीलाई दिएको, कर्मचारीलाई दिएको निर्देशन र मेरो गृहमन्त्रीको हैसियतका क्रियाकलापको सम्बन्धमा जहिले पनि उहाँ बोल्न खुला हुनुहुन्छ। मैले कसरी गृह मन्त्रालय चलाएको थिएँ, निष्पक्ष रुपमा चलाएको थिएँ कि थिइनँ भन्ने कुरा।

म भन्छु, सरकार भन्ने कुराको परिभाषा बदल्नुपर्दछ। सरकार शासक होइन, व्यवस्थापक हो र सेवक हो। देशमा सुशासन र विकास दिने काम सरकारको हो। त्यसको बन्दोबस्त गर्ने काम सरकारको हो। एउटा जिम्मेवार सरकार जनताप्रति उत्तरदायी हुन्छ। उत्तरदायी मात्रै होइन, जिम्मेवार हुन्छ। यो कानुनसँग सम्बन्धित हो, प्रणाली व्यवस्थासँग सम्बन्धित हो। त्योभन्दा माथि सत्य र निष्ठासँग सम्बन्धित कुरा जनता र देशप्रति जिम्मेवार हुन्छ। कर्तव्यबाट निर्देशित सरकार त्यस्तो हुनुपर्दछ। जिम्मेवार भनेको 'अकाउन्टेबल' मात्रै होइन, त्यो भन्दामाथि। आमाले बच्चाको स्यारसुसार गर्नु, बच्चालाई स्तनपान गराउनु कुन उत्तरदायित्वको कुरा हो? कसलाई उत्तर दिनुपर्छ? कसले प्रश्न गर्छ? त्यसको कसले हिसाबकिताब खोज्छ? 'अकाउन्टेबिलिटी' कसले खोज्ने? आमा हुनुको हिसाबले स्नेहबाट उत्पन्न हुने, कर्तव्यबाट उत्पन्न हुने त्यो कर्तव्य हो।

त्यस्तै, सरकारमा जो छ, उनीहरूमा कर्तव्यबाट जिम्मेवारीबोध हुनुपर्दछ र उनीहरूले देशप्रति र जनताप्रति जिम्मेवारी लिनुपर्दछ। रिस उठेका मान्छेलाई गाली गर्न तथ्यका आधारमा स्वतन्त्रता छ, गरुन्। जसरी नेपाल राष्ट्र बैंकले छापेको नोटमा लेखिएको हुन्छ, कसैले भुक्तानी माग्न आएमा रु यति तत्काल भुक्तानी दिइनेछ। त्यसरी नै मैले भनेका कुराहरूमा पनि तत्काल भुक्तानी दिनेछु, यदि मिलेन भने। अब गालीगलौज गर्न त शब्दकोश पल्टाइपल्टाइ खोजेर जति गरे हुन्छ।

मानव समाज जब समाजमा रूपान्तरित हुन थाल्यो, समाजमा रूपान्तरित हुन थालेपछि त्यसलाई कसरी व्यवस्थापन गर्ने? समाजका रूपमा समाज त चल्नुपर्‍यो। समाज व्यवस्थापनको प्रश्न आयो। समाज व्यवस्थापनको प्रश्न आएपछि मानव जातिले राजनीति भन्ने कुरालाई पहिले कमजोर, अलिकति अमूर्त रूपमा, सानो मात्रामा वा आफ्नै झुण्डभित्र लिन थालियो। समाजले आकार लिँदै गएपछि त्यहाँका थितिविधिहरूमार्फत राजनीति सुरु भयो र विस्तारै राजनीतिक प्रणाली विकास हुँदै गयो। कहिले हामी देख्छौँ दास मालिकहरू, दास व्यवस्था र आम रूपमा दास हुने व्यवस्था। त्यो किन गर्नुपर्‍यो भन्दा समाजलाई व्यवस्थित गर्न। त्यसबेला जनसङ्ख्यालाई व्यवस्थित गर्ने उपयुक्त समतामूलक लोकतान्त्रिक विधि विकसित भइसकेको थिएन। विधि विकसित गर्दा कसरी गर्ने भन्ने कुरामा त्यो प्रणाली आयो।

त्यसपछि सामन्ती प्रणाली जमिनदार हुने, जमिनदारी प्रथा। कतैकतैको भाषामा त्यसलाई जागिर भन्थे। जागिरबापत जमिन दिने चलन थियो। राणा शासनसम्म पनि जागिरमा प्रसन्नताका साथ प्रशन्न हुने गरी काम गर्‍यो भनेदेखि बिर्ता दिने, बक्सिस दिने, पैसाभन्दा जमिन दिने, उसको तलबबाहेक अरु चिजमा प्रसन्न हुँदा ल यो गरी खा भनेर जिमदारी दिने चलन थियो। खासगरी पहाडतिर त्यत्रो ठूल्ठूलो जिमदारी भएन किनभने पहाडमा त्यसरी जिमदारी दिने खालको जमिन थिएन। तराईतिर बढ्दा जिमदारी भयो। जिमदार दुई प्रकारका भए। एउटा सरकारबाट प्राप्त गरेको बक्सिसबाट प्राप्त बिर्ता वा जिमदारी र अर्को, जसलाई जिम्मा दिएको छ, जिमदार भनेर, ती जिम्मावालहरूले आफ्नै नाममा जमिन हजारौँ बिघा लेखाए र जमिनदार भए।

पछिल्लो समय थोरै थोरै जमिन, अलिकति सानो मात्रका जमिनहरू मालपोतमा गएर अलिअलि पैसा खुवाएर लेखाएका हुन्। अब अहिले बसोबास गर्न पाउनुपर्‍यो, हामी पनि नागरिक नै हौं भनेर बलजफ्ती बसेका तिनीहरूलाई नागरिकता दिनुपर्ने अवस्था सिर्जना भए। केही जमिन, केही मान्छेले किनेको। अब पछिल्लो समयमा किन्नेभन्दा अर्को बाँकी उपाय भएन। यो बीचमा एकपल्ट क्रान्तिका नाममा रातो टालो गाड्ने, कब्जा गर्ने र आफ्नो भयो भन्ने चलन पनि चलेको थियो। अझै पनि रातो टालो अरुको खेतमा, विद्यालयको खेतमा, क्याम्पसको खेतमा कुनै धार्मिक संस्थाको खेतमा एउटा छेस्कोमा रातो टालो गाडेर अधिकार जमाउने त्यो छँदै थियो। रातो टालो गाडेपछि त्यसबाट भूतप्रेतभन्दा बढी मान्छे कायल हुन्थे।

समाजलाई व्यवस्थित गर्ने क्रममा चल्दै आएका, विकसित हुँदै आएका कुराहरू हुन्। यसको सारतत्व भनेको राजनीति हो। जसभित्र केन्द्रमा राज्य उत्पन्न भयो। राजनीतिले जसले सक्छ त्यसले राज्य चलाउने कुरा भयो। अन्तरराष्ट्रिय रुपमा दोस्रो विश्वयुद्धभन्दा अगाडि अथवा लिग अफ नेसन्स र संयुक्त राष्ट्रसङ्घ बन्नुभन्दा अगाडि त जसको लाठी, त्यसको भैंसी भन्ने दुनियाँमा चलेकै हो। अहिले फेरि त्यही युग फर्किन खोजेको छ। दोस्रो विश्व युद्धभन्दा अगाडिको इन्टरनेशनल अर्डर, ग्लोबल अर्डर भन्ने कुराहरू केही नहुने, त्यो देश मलाई चाहियो, त्यहाँका मानिसहरू त्यहाँ लगेर 'सिफ्ट' गरिदिन्छु, ती ठाउँ खाली गरिदिनु, फलानो देश खाली गरिदिनु भन्ने। यो खालको प्रवृत्ति फेरि फर्किन खोजेको छ। विश्व युद्धको समाप्तिपछि लिग अफ नेसन्स र संयुक्त राष्ट्रसङ्घ जन्मियो। संयुक्त राष्ट्रसङ्घको वडापत्रले एउटा मुख्य रूपमा भन्ने हो भने विश्व कानुन बनायो।

लोकप्रियता, गर्नसक्ने क्षमता, जनताको विश्वासको आधारमा, आवधिक हिसाबले निर्वाचन गरेर त्यसबाट आउने खालको परिपाटी स्थापना गर्नुपर्छ। यसको सुरुआत करिब सन् १२१५ मा म्याग्नाकार्टाबाट भयो। यो परिमार्जित हुँदै आएको छ र हामीसँग थुप्रै असन्तुष्टिका कुराहरू छन्। केही पनि नभएका ठाउँबाट, एउटा सामन्ती राज्यबाट यहाँ आएका छौँ। राणाशासनमा केही पनि कानुन नभएको अवस्था थियो। संविधान र कानून थिएन। २००४ सालबाट नेपालमा संविधानको सुरुआत भयो।

नेपालमा राजनीतिक पार्टीहरू सुरुआत भए र सामाजिक व्यवस्थापनको सन्दर्भमा राजनीति र राजनीतिक पार्टी मानव जातिले आविष्कार गरेको हो। समाजलाई व्यवस्थापन गर्न राजनीति आए पनि विभिन्न कालखण्डमा यसभित्र कमीकमजोरीहरू नभएका होइनन्। पञ्चायतकालमा त प्रजातन्त्रका कमजोरी नै कमजोरी भनेर हामीले पढ्नु पर्दथ्यो। पञ्चायतका राम्रा पक्ष, निर्दलीयताको के छ आदि इत्यादि भन्ने कुरा पढाइन्थ्यो र प्रजातन्त्रका के के खराबी छन् भनेर पढाइन्थ्यो। जनमत सङ्ग्रह गराउँदा पनि राजा वीरेन्द्रको घोषणामा सुधारिएको पञ्चायत की बहुदलीय व्यवस्था भनियो। बहुदलीय प्रजातन्त्र भनिएन। सुधारिएको पञ्चायत की बहुदलीय व्यवस्था? त्यसमा जनमत सङ्ग्रह भएको थियो। त्यो कालखण्डबाट हामी आयौँ।

प्रजातन्त्र पुनःस्थापनापछि पनि राजाले सक्रिय शासन चलाए। आयोग बनाएर शेरबहादुर देउवामाथि मुद्दा चलाइयो। यो सबै २००७ सालमा राजा फर्काएर भएको हो। विपी गइसकेका थिए, उतै बस्न दिएको भए भइहाल्थ्यो नि। राजा फर्काउँदैनौँ अरु कुरामा सम्झौता गर्छौं भनेका भए पनि हुन्थ्यो होला। त्यो त्यस बेलाको कुरा हो, अग्रजहरूको कुरा हो। अग्रजहरूले के के गरे त्यसमा पनि नजाउँ। तर त्रुटि चाहिँ भयो, जसले गर्दा भोगेको भोगै गर्नुपर्‍यो २०६५ सालसम्म।

विसं २०६३ चैत ११ गतेसम्म हामी त निरङ्कुश राजतन्त्रका 'बुट' मुनि थियौँ त फेरि। दलको कुनै अर्थ नहुने, अस्तित्व नहुने त्यो ठाउँमा पुगेकै थियौँ त। त्यसकारण फेरि फर्किन खोजेकोक स्-२००७ सालसम्म दुईवटा शासन थियो, त्यसपछि एउटा निर्मम राणाशासन सिद्धियो भने अर्को षडयन्त्रकारी शासनको फेरि निरन्तरता रह्यो। त्यो षडयन्त्रकारी शासनको अन्त्य २०६५ साल जेठ १५ गते पहिलो संविधानसभाको पहिलो बैठकले गर्‍यो। यो प्रणालीहरूको यसरी विकास हुँदै आएको छ।

विसं २०६५ को पुनःस्थापित संसद्लाई धन्यवाद दिनुपर्छ। उसले निर्णय गरेर राजाका अधिकारहरू प्रधानमन्त्रीमा सार्‍यो। नागरिक सर्वोच्चता कायम गर्न सुरु गर्‍यो, सामन्तवादलाई थान्कोमा राख्न सुरु गर्‍यो र पहिल्यै पनि थान्कोमा बसभन्दा नमानेको हुनाले अधिकारविहीन बनाएर राख्यो र संविधानसभाले बिदाइ गर्‍यो। हाम्रो अत्यन्त तीतो अनुभव छ, एउटा संविधानसभा असफल भएपछि फेरि अर्को संविधानसभाबाट हामीले संविधान बनायौँ। अब अर्को गणतन्त्रात्मक परिपाटी सुरु भयो। कुनै पनि प्रणाली सुरुमै पूर्ण हुँदैन।

जबसम्म संविधान र कानुनको दायरामा बस्छ, त्यसप्रति पूर्ण रूपमा सहिष्णु हुनुपर्दछ। सरकार शासक होइन भन्ने कुरा बुझ्नुपर्दछ। तर सरकार भनेको संविधान कार्यान्वयन र प्रणालीको रक्षा गर्ने, संविधानले भनेको प्रणालीको रक्षा गर्ने संयन्त्र पनि हो। सुशासनको, शान्ति सुव्यवस्थाको र त्यसको प्रत्याभूति गर्ने र त्यसको सुनिश्चित

*बाँकी तीन पृष्ठमा*

# धेरै मुद्दा फछ्र्यौट गर्ने न्यायाधीश घिमिरे सम्मानित

वीरगञ्ज (पर्सा), २६ साउन (रासस)।
पर्सा जिल्ला अदालतले गत आर्थिक वर्ष २०८१/८२ मा सात हजार दुई सय ४४ वटा मुद्दा फछ्र्यौट गरेको छ। अदालतले गत आवमा अघिल्लो आवको जिम्मेवारी सरेका र नयाँ दर्ता भएकामध्ये कूल १२ हजार छ सय ३५ मुद्दामध्ये ५७ दशमलव ३३ प्रतिशत मुद्दा फछ्र्यौट गरेको हो।

न्यायाधीश दीपक खनालले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा पर्सा अदालतको मुद्दा फछ्र्यौटको प्रतिशतमा वृद्धि भएको जानकारी दिनुभयो। "पर्सा जिल्ला अदालतले अघिल्लो आवमा भने ५७ प्रतिशत मुद्दा फछ्र्यौट गरेको थियो।

गत आर्थिक वर्षमा भएको मुद्दाको फछ्र्यौट प्रगति उन्मुख देखिएको छ," उहाँले भन्नुभयो,"मुद्दा फछ्र्यौटमा अदालतको मात्रै एकल भूमिका नभएर अन्य सरोकारवाला निकायको पनि भूमिका महत्वपूर्ण हुने गर्छ।"

अघिल्लो आवबाट जिम्मेवारी सरेका छ हजार ९२ र गत आवमा नयाँ दर्ता भएका मुद्दा सङ्ख्या भने छ हजार पाँच सय ४३ छन्। त्यस्तै अदालतमा १८ महिना नाघेका मुद्दाको सङ्ख्या तीन सय ६७ र दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या भने तीन सय ३४ रहेका छन्। न्यायाधीश नन्दकिशोरप्रसाद यादवले अदालतले पनि न्यायापालिकाको पञ्चवर्षीय रणनीतिक योजना अनुसार नै काम गर्दै आइरहेको जानकारी दिनुभयो।

"चालु आर्थिक वर्षमा गत आर्थिक वर्षबाट सरेर आएका र नयाँ दर्ता हुने गरी करिब १३ हजार चार सय ६८ मुद्दा दर्ता हुने लक्ष्य राखेका छौँ," उहाँले भन्नुभयो,"चालु आवमा लक्ष्यको ६६ प्रतिशत अर्थात आठ हजार आठ सय ३७ वटा मुद्दा फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरेका छौँ।"

अदालतका श्रेस्तेदार प्रभाकरकुमार मल्लिकले वार्षिक कार्ययोजना अनुसार नै लक्ष्य राखेर मुद्दाको फछ्र्यौट गर्ने योजना रहेको जानकारी दिनुभयो। अदालतमा ११ न्यायाधीश कार्यरत रहनुभएको छ। अदालतमा कार्यरत रहनुभएका ती न्यायाधीसमध्ये न्यायाधीश माधवप्रसाद घिमिरेले गत आवभरिमा नौ सय ८३ मुद्दा फछ्र्यौट गर्न सफल हुनुभएको छ। उहाँलाई आइतबार एक कार्यक्रमबीच दोसल्ला ओढाएर सम्मान गरिएको छ।

न्यायाधीश दीपक खनालले नौ सय ३९ मुद्दा फछ्र्यौट गर्नुभएको छ। न्यायाधीस नन्दकिशोरप्रसाद यादवले सात सय ६२, न्यायाधीश आनन्दप्रसाद श्रेष्ठले छ सय ३०, न्यायाधीश प्रमेश पोखरेलले छ सय पाँच मुद्दा फछ्र्यौट गर्नुभएको छ। त्यस्तै न्यायाधीश उत्तम सिलवालले काठमाडौँ र पर्सामा गरी छ सय २४, न्यायाधीश उपेन्द्रकेशर खनालले सिरहा र पर्सामा गरी छ सय ५७ मुद्दा फछ्र्यौट गर्नुभएको छ। न्यायाधीश मोहन सुवेदीले पाँच सय ८४, न्यायाधीश मुकुन्द आचार्यले पाँच सय ३८, कमलकान्त जोशीले पाँच सय ६६, न्यायाधीस रुद्रप्रसाद सुवेदीले पाँच सय एक वटा मुद्दा वर्षभरिमा फछ्र्यौट गर्नुभएको छ।

पर्सा जिल्ला अदालतले गत आव नौ सय ५६ वर्ष तीन महिना एक दिन कैद बराबरको जरिवानाको लगत फछ्र्यौट गरेको छ। जबकी गत आवसम्म तीन हजार पाँच सय ५८ वर्ष ११ महिना ६ दिन कैदको लगत रहेको थियो गत आवभरिमा प्रति न्यायाधीश आठ सय ४३ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य तोकिएको थियो। न्यायाधीश खनालले अदालतले न्याय सम्पादन गर्दा अदालतको प्रक्रिया र कार्यविधिलाई आधार मानेर फैसला गर्ने बताउनुभयो।

# जिल्ला प्रशासन कार्यालयमा अनलाइन दर्ता हुने प्रावधानविरुद्ध सर्वोच्चमा रिट

**दैनिक समाचारदाता काठमाडौँ, २६ साउन।**
अनलाइन सञ्चारमाध्यमहरू जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता हुनुपर्ने नयाँ कानुनी प्रावधान खारेज हुनुपर्ने माग गरी सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ।

अधिवक्ता अनिल आचार्य, पत्रकार सुमल लुँइटेल र सञ्चारमाध्यम सञ्चालक विकल गिरीले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को संशोधित प्रावधान खारेज गर्नुपर्ने माग राखी सर्वोच्चमा रिट निवेदन दिएका हुन्।

उनीहरूले उक्त ऐनमा थपिएको दफा ७ (ख) खारेजीको माग गरेका छन्, जहाँ अनलाइन सञ्चारमाध्यमहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता हुनुपर्ने प्रावधान थपिएको छ।

१४ साउन २०८१ मा राजपत्रमा प्रकाशित केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०८२ ले छापाखाना तथा प्रकाशन सम्बन्धी ऐनमा यो प्रावधान थपेको थियो।

अनलाइन सञ्चारमाध्यमको दर्ता र नविकरण गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयमा सीमित गरेको नयाँ व्यवस्थाले संविधानमा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकमा प्रत्यक्ष अतिक्रमण हुने रिट निवेदनमा जिकिर छ।

कानुनी व्यवस्था नै खारेजीको माग राखेको हुनाले उनीहरूको रिट निवेदन सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ हुनेछ।

उनीहरूले त्यो व्यवस्था बदर गर्न, अनलाइनहरूलाई प्रेस तथा सूचना विभागमा दर्ता गर्ने हालकै व्यवस्थालाई निरन्तरता दिन पनि माग गरेका छन्।

उनीहरूले रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, कानून मन्त्रालय, सूचना तथा प्रशारण विभाग, प्रेस काउन्सिल नेपाल, संघीय संसद सचिवालय सभामुख र राष्ट्रिय सभाका अध्यक्षलाई विपक्षी बनाएका छन्।

## *परिपूर्ण लोकतन्त्रको ...*

सरकारले गर्नुपर्छ। सरकार त्यसको प्रत्यभूतकर्ता पनि हो। त्यसकारण सरकारको नियन्त्रणकारी प्रवृत्ति हुँदै हुँदैन भनेपछि त 'एनार्किज्म' मज्जाले मौलाउने भयो। कोही पनि 'एनार्किस्ट' भएन भने सरकारले कसैमाथि किन कानुनको कुरा गर्छ र ? कसैलाई त कानुनको कुरा गर्नुपरेको छैन। अब कोही 'एनार्किस्ट' भयो भने जहाँ पनि थिति हुन्छ। हामी यहाँ बसेका छौँ, यहाँ पनि थिति र रुल छ। त्यसबाट कोही एकदम 'एनार्किस्ट' भएर निस्कियो भने बाहिर निकाल्नु पर्ने हुन्छ।

निर्वाचनकै कुरा गर्दा 'एनार्किस्ट' ले बुथ कब्जा गर्दैन, यसको अर्थ म यो भन्दिनँ कि पुराना पार्टीहरूमा त्यस्ता कमजोरी छैनन्। पुराना पार्टीहरूमा पनि त्यस्ता कमजोरी छन्। ती कमजोरीहरूलाई पुराना पार्टीहरूले पनि हटाउनुपर्दछ र नयाँ शक्तिहरूलाई संविधान र कानुनभित्र बसेर प्रशस्त आफ्ना भनाइहरू राख्न, अभिव्यक्ति दिन, अधिकारको प्रयोग गर्न सबै स्वतन्त्र छ भनेर हामीले बताउनुपर्छ। त्यसकारण राजनीति र राजनीतिक पार्टीले लोकतन्त्र र लोकतान्त्रिक प्रणाली र यसको कार्यान्वयन सुरु गरे। त्यसको एउटा महत्वपूर्ण कुरा हो-निर्वाचन।

लोकतन्त्र निर्वाचनबाट आउँछ। पुराना राजनीतिक पार्टीहरूले नेतृत्वदायी भूमिका लिनुपर्छ भनेको सरकारको टुप्पोमा बसेर नेतृत्वदायी भूमिका हुँदैन। अभ्यास, आचरण, बानीलगायत सबै कुरामा नेतृत्वदायी भूमिका लिनुपर्दछ। प्रजातन्त्र उत्तम प्रणाली हो तर, त्यसलाई गलत ढङ्गले सञ्चालन गरियो भने त्यो राम्रो प्रणाली रहन सक्दैन, भताभुङ्ग हुनसक्छ। फेरि जाने कहाँभन्दा एकपुस्ताले दुःख पाउँछ, फेरि फर्किएर आउने त्यही हो। लोकतन्त्रमै आउनुपर्छ, अरु कुनै विकल्प छैन। सोमबारको र अबको बाँकी भविष्यको मानव जातिले दमनकारी, अधिकानयकवादी, तानाशाही शासन स्वीकार गर्दैनन्।

हामीले 'समृद्ध नेपाल, सुखी नेपाली' भनेर पन्ध्रौँ पञ्चवर्षीय योजनाको गन्तव्यमा राख्यौँ, साह्रौँ पञ्चवर्षीय योजनामा राख्यौँ। अहिले पनि त्यस बाटोमा गइराखेका छौँ। मैले भन्ने गरेको छु, प्रतिव्यक्ति आयको सरदरमा जोडेर गरिबलाई नक्कली ढगले धनी बनाइदिने काम गरेर केही फाइदा छैन। उसको चुलोमा आगो बल्दैन। त्यसकारण कोही पनि पछाडि छोडिनुहुँदैन। खाने, लगाउने, शिक्षा प्राप्त गर्ने, बस्ने र स्वास्थ्य सुविधा प्राप्त गर्ने यी आधारभूत अधिकारहरू हरेक व्यक्तिले प्राप्त गर्नुपर्छ। मैले भन्ने गरेको छु, जैविक र मानवीय न्यायोचित आवश्यकताहरूको सहज परिपूर्ति हुनुपर्छ, कमसेकम गरिबी निवारण भनेको त्यो हो। हरेक व्यक्तिको वा प्रतिव्यक्ति आयको सरदरले हुँदैन। अर्बपतिले दामासाहीले गरिबलाई धन बाँड्दा पैसा बाँड्नु परेन, हिसाब बाँड्दा धेरै जीवनमाथि उठेको देखिन्छ, त्यो नक्कली कुरा हो। त्यसकारण हामीले नक्कली काम गर्न खोजेको होइन।

परिपूर्ण लोकतन्त्रका लागि हामीले काम गर्ने हो। हामीलाई खाली पार्टी खोल्न, चुनाव लड्न, भोट हाल्न र बोल्न भए पुग्यो होइन। विभिन्न ढङ्गले टन्न खायो अनि चाहिने नचाहिने बोल्यो मात्रै होइन। समाजको उत्थान हाम्रो उद्देश्य हो। समुत्थान हुनुपर्‍यो। त्यसलाई स्वच्छ निर्वाचनबाट स्वच्छ सरकार बनाउने काम गर्नुपर्छ। यो निर्वाचनको सन्दर्भमा केही केहीले 'नो भोट' भनेको सुनिन्छि। यो 'नो भोट' किन चाहियो ? भोट हाल्न मन नलागे नहाले भएन ? यसै 'नो भोट' हुन्छ। निर्वाचनको बुथमा नै जानुपर्छ र 'नो भोट' भन्न ? भोट हाल्न नगएर घरमै बसेपछि त 'नो भोट' भयो नि। अनि 'नो भोट' भनेर त्यहाँसम्म जाने भोट दिन्न भन्न ? कसैलाई पनि भोट दिन्न भनेर जानुपर्ने ? यो समाज भड्काउने कुरा मात्रै हो।

अब हामीले आफैँले सजगताका साथ समतामूलक, न्यायोचित समाज निर्माण गर्नुपर्छ। उत्पादन र उत्पादकत्व वृद्धि मात्रै होइन, वितरणमा न्यायोचित त्यो कुरा हरेक ठाउँमा हुनपर्छ। वितरणमा न्यायोचितता भनेको अधिकारको वितरणमा, अवसरको वितरणमा, सबैमा न्यायोचित वितरण वा समान वितरणको परिपाटी अगाडि बढाउनु पर्दछ। हतार र भावनामा अनेक खालका निर्णयहरू अरूले केके गर्‍यो, के के अनुभवहरू गरे, त्यो गर्दै जानु र हामी 'गिनिपिक' हुनु, हाम्रो समाजलाई 'गिनिपिक' बनाउनु र अरूले भनेका अनुभवहरू गर्दै जानु वाञ्छनीय हुँदैन।

कानुनमा के कस्ता सुधार गर्नुपर्छ, निर्वाचन आयोगले केही सुझाव दिएको छ, केही अलि कति बहकिएका सुझाव होलान्, केही धेरै राम्रा सुझाव होलान्। ती सबैलाई यथोचित बनाउनुपर्छ र अगाडि बढाउनुपर्छ। यहाँ 'इगो'को प्रश्न छैन। 'इगो' को कुरा हुँदैन, देशको कुरा हुन्छ। यो कसैको 'इगो' होइन, देशको। जित्नु कसैको अहम्ले होइन, देशको आवश्यकताले जित्ने हो। जित्नु जनताले पर्छ, 'डेमोक्रेसी'ले पर्छ। 'डेमोक्रेसी'ले जित्नका लागि हाम्रा यस्ता कुराहरूलाई हामीले बढी सशक्त बनाएर लिएर जानुपर्छ। (प्रस्तुत विचार प्रधानमन्त्री केपी शर्मा ओलीले १८ साउन, २०८२ मा पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठको 'लोकतन्त्र र जनअभिमत : नेपालको निर्वाचन इतिहास' पुस्तक लोकार्पणमा व्यक्त गर्नुभएको विचारका आधारमा स्वकीय सचिवालयबाट तयार गरिएको हो)

## विश्व समाचार

# गाजामा भएको इजरायली आक्रमणमा पाँच पत्रकारको मृत्यु

गाजा, २६ साउन (रासस/एएफपी)।
गाजा सहरमा अवस्थित आफ्नो शिविरमा भएको इजरायली आक्रमणमा अलजजिराका एक प्रमुख रिपोर्टर, तीन क्यामेरामेनसहित दुई संवाददाताको मृत्यु भएको अल जजिराले जनाएको छ।

इजरायली सेनाले हमाससँगसम्बद्ध पत्रकार अनस अल-सरिफलाई लक्षित गरी आक्रमण गरेको स्वीकार गरेको छ।

गाजामा २२ महिनाको युद्धमा पत्रकारहरूलाई लक्षित गरिएको आक्रमणमा करिब २०० जना मिडियाकर्मीहरु मारिएको जनाइएको छ।

अल जजिराका पत्रकार अनस अल-सरिफ गाजा सहरमा पत्रकारहरूलाई लक्षित गरी इजरायली आक्रमणमा चार सहकर्मीहरूसँगै मारिएको कतार मिडियाले जनाएको छ।

अस्पतालको मुख्य गेट बाहिर पत्रकारहरूका लागि राखिएको शिविरमा प्रहार भएपछि २८ वर्षीय अल-सरिफको मृत्यु भएको थियो। मृतक अल जजिराका प्रसिद्ध अरबी संवाददाता रहेको बताइएको छ।

च्यानलले गाजा सहरस्थित शिविरमा आक्रमण गर्दा पाँच जना कर्मचारी मारिएको पुष्टि गरेको छ। इजरायली सेनाले अल जजिराका पत्रकार अल-सरिफलाई 'आतङ्कवादी' को संज्ञा दिँदै लक्षित गरी प्रहार गरेको पुष्टि गरेको छ।

"अल-सरिफले हमास आतङ्कवादी सङ्गठनमा आतङ्कवादी सेलको प्रमुखको रूपमा काम गरेकाले इजरायली नागरिक र सेनाविरुद्धका आक्रमण बढाउनका लागि जिम्मेवार रहेको आरोप लगाएको छ।

अल-सरिफ नियमित कभरेजमा दैनिक रिपोर्ट गर्दै गाजामा काम गर्ने च्यानलका योग्य पत्रकार रहेको जनाइएको छ। "विश्वसनीय प्रमाण विना पत्रकारहरूलाई आतङ्कवादीको आरोप लगाई आक्रमण गर्ने इजरायली प्रवृत्तिले प्रेस स्वतन्त्रतामाथि गम्भिर प्रश्नहरू खडा गरेको सिपिजे क्षेत्रीय निर्देशक सारा कुदाहले बताउनुभएको छ।

प्यालेस्टिनी पत्रकारहरूको सङ्गठनले पत्रकारहरुको हत्या 'रक्तपातपूर्ण अपराध' भन्दै निन्दा गरेको छ। इजरायल र अल जजिराको वर्षौँदेखि विवादास्पद सम्बन्धबिच इजरायली अधिकारीहरूले देशमा च्यानलमा प्रतिबन्ध लगाएका छन् र गाजामा पछिल्लो युद्धपछि यसका कार्यालयहरूमा छापा मारेका छन्।

अल जजिरालाई आर्थिक सहयोग गर्ने कतारले वर्षौंदेखि हमासको राजनीतिक नेतृत्वका लागि कार्यालय उपलब्ध गराउँदै आएको र इजरायल र हमासबीचको वार्ताका क्रममा ती कार्यालयहरूलाई प्रयोगसमेत गरिएको छ।

गाजामा प्रेस पहुँच बन्द भएपछि विश्वभरका धेरै मिडियाहरू प्यालेस्टिनी पत्रकारहरूले प्रदान गरेको द्वन्द्वको फोटो, भिडियो र कभरेजमा निर्भर छन्। मिडिया नियमनकारी संस्था रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले गत जुलाईमा युद्ध सुरु भए देखि गाजामा अल जजिराका पत्रकारसहित २०० भन्दा बढी पत्रकार मारिएको बताएको थियो।

# दिल्लीमा बेवारिसे कुकुरहरूलाई पक्राउ गर्न भारतीय सर्वोच्च अदालतको आदेश

नयाँदिल्ली, २६ साउन (रासस/एएफपी)।
कुकुरको टोकाइमा वृद्धिपछि भारतको सर्वोच्च अदालतले सोमबार सार्वजनिक सुरक्षाको चिन्तालाई उद्धृत गर्दै राजधानीबाट दशौँ हजार बेवारिसे कुकुर हटाउन आदेश दिएको छ।

भारत लाखौँ बेवारिसे कुकुरहरूको घर हो र सहरको मिडियाहरूले विशेष गरी बालबालिका र वृद्धहरूमाथि घातक आक्रमणहरूबारे नियमित रूपमा रिपोर्ट गर्छन्।

उपलब्ध सबैभन्दा पछिल्लो तथ्याङ्क अर्थात सन् २०१२ को भारतको पशुधन जनगणना अनुसार दिल्लीको सडकमा कम्तीमा ६० हजार बेवारिसे कुकुर बस्छन्।

केहीले अहिले यो सङ्ख्या धेरै उच्च रहेको बताएका छन्। सहरभरका पार्कहरू र आवासीय छिमेकहरूमा ठूला प्रतिस्पर्धी कुकुरका समूहहरूले गस्ती गरिरहेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार विश्वव्यापी रेबिजबाट हुने मृत्युको एक तिहाइभन्दा बढी भारतमा हुने गरेको छ। नसबन्दी कार्यक्रमको अभाव र कुकुर मार्ने कानूनी प्रतिबन्धका कारण यो सङ्कट बढेको छ।

अदालतले सहरका अधिकारीहरूलाई आठ हप्ताभित्र कुकुर आश्रय स्थापना गर्न र समातिएका कुकुरहरूको दैनिक रेकर्ड राख्न भनेको छ।

"के महत्वपूर्ण छ र जुनबिना सम्पूर्ण अभ्यास व्यर्थ जान्छ, एउटा पनि बेवारिसे कुकुरलाई छोड्न सकिँदैन", अदालतले भनेको छ। यो करिब तीन करोड मानिसहरू बस्ने महानगर दिल्ली र यसको स्याटेलाइट उपनगरहरूमा लागू हुन्छ।

अदालतले कुकुरहरूलाई हटाउन बाधा पुर्‍याउने पशु कार्यकर्ताहरू विरुद्ध कारबाही गर्ने चेतावनी दिएको छ।

साथै अदालतले कुकुरको टोकाइ रिपोर्ट गर्न २४ घण्टे हेल्पलाइन स्थापना गर्न र अधिकारीहरूले रेबिज विरोधी खोपहरू उपलब्ध भएका ठाउँहरूको सार्वजनिकीकरण गर्नुपर्ने पनि आदेश दिएको छ।

भारतीय संसदमा पेश गरिएको तथ्याङ्कले सन् २०२४ मा कुकुरको टोकाइबाट ३७ लाखभन्दा बढी घटना र रेबिजबाट ५४ संदिग्ध मानव मृत्यु भएको देखाएको छ।

अन्य अनुमानहरूले यो सङ्ख्या लगभग दुई गुणा बढी हुने अनुमान गरेका छन्। दिल्लीमा मात्रै हरेक दिन कुकुरको टोकाइका करिब दुई हजार घटना भएका छन्।

मध्यमवर्गीय छिमेकमा, दिल्लीका धेरै बेवारिसे कुकुरहरू औपचारिक मालिकहरू नभए पनि त्यहाँका बासिन्दाहरूका प्रिय छन्। केही कुकुरलाई जाडोमा न्यानो राख्नका लागि विशेष कुकुर ज्याकेटहरू लगाइएका हुन्छन्।

तर तिनीहरू मानिसहरूका लागि पनि खतरा हुन्। भारतीय सञ्चारमाध्यमहरूले आक्रामक कुकुरका समूहहरूद्वारा साना बालबालिकाहरूमाथि आक्रमणका घटनाहरू नियमित रूपमा रिपोर्ट गर्छन्।

# सडक निर्माणको माग गर्दै पैदल यात्रा




**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

लामो समयदेखी "राजविराज-सखडा-गोविन्दपुर" सम्मको सडक निर्माण गर्न हेलचक्राइ गरेको भन्दै सोमबार नेकपा माओवादीका नेता एवम् पूर्वसिंचाई मन्त्री उमेश कुमार यादवको नेतृत्वमा पैदलयात्रा निकालिएको छ ।

सडक निर्माणका लागि दवाव सिर्जना गर्न उनको नेतृत्वमा पैदलयात्रा निकालिएको हो । सखडाबाट निकालिएको पैदलयात्रा विषणपुर चौक पुगेर समापन गरिएको थियो ।

राजविराज-सखडा-गोविन्दपुरसम्मको सडक अविलम्ब निर्माण गर, सुशासन कायम गर, कुशासन बन्द गर, सुशासन हेर्ने सखडा आउ' भन्ने विभिन्न नारा लगाउँदै पैदलयात्रा निकालिएको थियो ।

लामो समय सडक जर्जर अवस्थामा हुँदा समेत निर्माण कार्य कछुवा गतिमा भएकोले दवाव स्वरुप पैदल यात्रा गरिएको पूर्वमन्त्री यादवले बताए । शान्तिपूर्ण आन्दोलनबाट सुनुवाइ नभए थप सशक्त आन्दोलनमा उत्रिने उनले चेतावनी समेत दिए ।

# प्रधानमन्त्री ओलीले साउन ३० मा मधेश प्रदेश प्रहरी कार्यालयको उद्घाटन गर्ने

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले यही साउन ३० गते मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

जनकपुरधाम वडा नं ४ मा नवनिर्मित उक्त प्रशासनिक भवनको प्रधानमन्त्री ओलीले उद्घाटन गर्ने कार्यक्रम तय भएको मधेश प्रदेश सरकारका प्रवक्ता एवं गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले जानकारी दिएका छन् ।

गृहमन्त्री लेखीका अनुसार उक्त भवन गृह, संचार तथा कानुन मन्त्रालय मधेश प्रदेश सरकारको बिनियोजित २५ करोड बजेटबाट निर्माण भएको हो ।

बहु वर्ष योजना अन्तर्गत प्रदेश सरकारले निर्माण गरेको सो भवनमा प्रहरीका विभिन्न शाखा रहने छन् ।

# मधेसमा ७७ प्रतिशत धान रोपाइँ, २७ प्रतिशतले उत्पादन घट्ने अनुमान

धनुषाधाम, २६ साउन (रासस) ।

खडेरीको प्रभावमा परेका मधेस प्रदेशका आठ जिल्लामा हालसम्म करिब ७७ प्रतिशत धान रोपाइँ भएको छ । कृषि विकास निर्देशनालयका निर्देशक जितेन्द्र यादवका अनुसार सबैभन्दा बढी रोपाइँ बारामा ९५ प्रतिशत भएको छभने सबैभन्दा कम महोत्तरीमा ६१.५ प्रतिशत रोपाइँ भएको छ ।

प्रदेशको कूल पाँच लाख ४२ हजार ५८१ हेक्टर खेती योग्य क्षेत्रमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टरमा धान रोपाइँ हुने गरेकामा हालसम्म दुई लाख ८५ हजार ३३५ हेक्टरमा रोपाइँ भएको हो ।

उहाँका अनुसार पर्याप्त वर्षा नभए पनि बोरिङको माध्यमबाट रोपाइँको क्षेत्रफल वृद्धि भएको हो । बारा र पर्सामा गण्डक नहर, सप्तरीमा कोशी, सर्लाही र रौतहटमा बागमतीबाट किसानले सिँचाइ गरेर धान रोप्दा केही सहजता भएको छ । तर, धनुषामा कमला नदी सुक्दा समस्या भएको हो ।

यस वर्ष प्रदेशमा अधिकतम ८० प्रतिशतसम्म रोपाइँ हुने अनुमान गरिएको छ । ढिलो रोपाइँका कारण कुल धान उत्पादनमा करिब २७ प्रतिशत उत्पादन घट्ने अनुमान गरिएको निर्देशक यादवले बताउनुभयो ।

सुख्खा र खडेरी प्रभावित क्षेत्रका लागि भूमिगत सिँचाइ व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश सरकारले किसानलाई तत्काल राहत दिने घोषणा गरेपछि प्रदेशभरका २२ हजार ५२ किसानले आवेदन दिएका छन् ।

सिँचाइ व्यवस्थापन सहयोगका लागि मधेस प्रदेश सरकार सङ्घीय सरकारको निर्णयको पर्खाइमा रहेको मुख्यमन्त्री सतिशकुमार सिंहले बताउनुभयो । उहाँले प्रदेश सरकारले किसानलाई सो सहयोगका लागि १८ करोड बजेट विनियोजन गरेपनि पर्याप्त नभएको बताउनुभयो ।

# तीनवर्षमा सम्पन्न हुनुपर्ने कमला नदीको पुल १४ वर्ष पनि अधुरै

सिरहा, २६ साउन (रासस) ।

सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पक्की पुल १४ वर्षदेखि अधुरै छ । विसं २०६८ मा तीन वर्षमै सम्पन्न गर्ने लक्ष्यसहित सुरु गरिएको चार सय ६९ मिटर लामो पुल अहिलेसम्म निर्माण सम्पन्न नहुँदा स्थानीयवासी बर्सेनि सास्ती भोग्न बाध्य छन् ।

पुल नबन्दा स्थानीयले अस्थायी रूपमा बनाइएको बाँस वा काठको पुलमार्फत जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ । यही साउनको तेस्रो हप्तामा आएको बाढीले बाँसको अस्थायी पुल बगाएपछि आवतजावत ठप्प भएको थियो । हाल पुनः काठको संरचना बनाएर आवतजावत केही सहज बनाइएको भए पनि जोखिम यथावत् छ ।

सिरहा ६ का प्रवीण यादव भन्नुहुन्छ,"पुल नबन्दा हामी वर्षौंदेखि सास्ती भोग्दै आएका छौं । अहिले बनाइएको काठे संरचना जोखिमपूर्ण छ, तर त्यही बाटो भएर हामी हिँड्न बाध्य छौं । मोटरसाइकलसहित यात्रा गर्दा झन् डर लाग्छ, तर विकल्प छैन । त्यसमा पनि यात्रुहरूमाथि मनपरी शुल्क असुली भइरहेको छ ।"

नगरपालिकाले निःशुल्क सञ्चालनको दाबी गरे पनि रु ५० सम्म तिर्नुपरेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो,"पहिले ठेक्का सम्झौताअनुसार रु २० लिइन्थ्यो, अहिले त्यो पनि हटेको भनिए तापनि व्यवहारमा शुल्क झनै बढेको छ । जनतामाथि दोहोरो भार परेको छ एकातिर जोखिमपूर्ण यात्रा, अर्कातिर अनियमित शुल्क असुली ।"

पुल निर्माणको जिम्मा पहिले पप्पु-लुम्बिनी जेभीलाई दिइएको थियो । पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको हो । तर बाढीले दुई पाया भासिएपछि आवश्यक मर्मतका लागि आठ करोडको बिमा रकम नपाएको कारण देखाउँदै कम्पनीले पछिल्लो एक महिनादेखि काम रोकिदिएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी इन्जीनीयर रञ्जितकुमार रायका अनुसार निर्माण कम्पनीले तोकिएको म्यादमै काम रोकेकाले ठेक्का तोडेर लुम्बिनी बिल्डर्सलाई पनि कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाइएको छ । सिरहा–६ का वडाध्यक्ष इन्द्रजित यादवका अनुसार, पुल नहुँदा बाढीपछिको समयमा पैदलयात्रुले बाँसको भन्याङ चढेर वा डुङ्गाबाट नदी पार गर्नुपर्ने अवस्था रहेको छ ।

कमला नदीमाथिको पुल अधुरो रहँदा हरेक वर्षको वर्षायाम स्थानीयवासीका लागि चुनौती बनेको छ ।

### माइक्रो र बस ...

अमृता राय र राजविराज ४ बस्ने २१ वर्षीय सन्तोष बास्तोला घाइते भएका छन् । बास्तोला को विराट नर्सिङ होम विराटनगरमा उपचार भइरहेको छ । उनी माइक्रोका सहचालक रहेको खुलेको छ ।

यस्तै मोरङ सुन्दरहरैंचा नगरपालिका ९ बस्ने अम्बिका राई, खोटाङको रावाबेसी गाउँपालिका २ बस्ने निरुता परियार, सोही ठाउँकी ३८ वर्षीय निर्मल परियार, उदयपुरको चौदण्डिगढी नगरपालिका ५ बस्ने ५० वर्षीय रेनुका श्रेष्ठ, झापाको शिवसतासी नगरपालिका ५ बस्ने ३८ वर्षीय खगेन्द्र थापा घाइते भएका छन् ।

यसैगरी झापाको भद्रपुर नगरपालिका ९ बस्ने ५३ वर्षीय सन्तोष खत्री, उदयपुरको बेलका नगरपालिका १ बस्ने २० वर्षीय दीपक विश्वकर्मा, इलामको चुलाचुली ३ बस्ने ३६ वर्षीय सविन राई, खोटाङको हलेसी तुवाचुङ नगरपालिका १० बस्ने ८४ वर्षीय नेत्रलाल गिरी, उनका छोरा ३९ वर्षीय केदार गिरी, झापाको अर्जुनधारा नगरपालिका १ साजनटार बस्ने २० वर्षीय सत्य राई, विराटनगर महानगरपालिका १० बस्ने ४८ वर्षीया शोभा यादव, सुनसरीको कोशी गाउँपालिका ६ श्रीपुर बस्ने ६० वर्षीय जोगिन्द्र दास घाइते भएका छन् । उनीहरूको गोल्डेन अस्पताल विराटनगरमा उपचार भइरहेको सुनसरी प्रहरीले जनाएको छ ।

### राजविराज नगरवासी ...

राजविराज हटियामा निर्माणाधीन व्यवसायिक कम्पलेक्सको निर्माण कार्य अविलम्ब सकाएर व्यापारीलाई हस्तान्तरण, खाडो नदी तटबन्ध क्षेत्रका जग्गाहरूको नापी, राजविराज-कंचनपुर सडक खण्डको निर्माण कार्यमा देखिएका समस्या अविलम्ब समाधान, सीमा नाकामा विषादी परिक्षणका लागि क्वारेन्टाइनको व्यवस्था, लामखुट्टे नियन्त्रणका लागी नगर क्षेत्रमा अविलम्ब औषधी छर्कने व्यवस्था तथा सप्तरीको सिमानाका क्षेत्रमा वर्षौंदेखि बन्द रहेका छोटी भंसार कार्यालयहरु अविलम्व संचालन गर्न माग अघि सारिएको छ ।

यसअघि ब्लक, बिटोरी जग्गाको आन्दोलनका क्रममा गत फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमि भएको सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै पुनः आन्दोलनमा जाने निर्णय गरिएको संघर्ष समितिका संयोजक अन्सारीले जानकारी दिए ।

बि.स. २०१६ सालमा राजविराज नगरपालिका स्थापना भएको काल देखी नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँका करिब ७० बिगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार २ सय परिवार जग्गाधनी पुर्जा पाउनबाट वञ्चित रहेका छन् ।

# आमाको स्वघोषणाले सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येय छ : गृहमन्त्री लेखक

काठमाडौँ, २६ साउन (रासस) ।

गृहमन्त्री रमेश लेखकले आमाको स्वघोषणाले सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येयका साथ नागरिकतासम्बन्धी कानुनलाई संशोधनअघि बढाइएको बताउनुभएको छ ।

सोमबार राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिमा नेपाल नागरिकता विधेयक २०८१ मा सैद्धान्तिक छलफलका क्रममा गृहमन्त्री लेखकले सन्तानको आमा नै पहिलो संरक्षक हुने गरेको बताउँदै आमालाई नै जिम्मेवार बनाइएको जानकारी दिनुभयो ।

"सन्तानको पहिलो संरक्षक आमा नै हुन् । आमाले यो मेरो सन्तान हो । त्यसको बुबाको पत्ता छैन अथवा म ल्याउन सक्दिन भनेर भनेको अवस्थामा आमाले स्वघोषणा गरेको अवस्थामा त्यसको सन्तानलाई नागरिकता उपलब्ध गराउने मूल ध्येय छ", गृहमन्त्री लेखकले भन्नुभयो, "यसले आमा/महिलाको मात्रै हक स्थापित गरेको होइन । संविधानको सीमारेखाभित्र महिलाको हकलाई पूर्णमा स्थापित गर्ने उद्देश्य पनि हो । सन्तानको पनि हक सुरक्षित गरिएको छ ।" उहाँले आमाको स्वघोषणा गलत सिद्ध भएमा नागरिकताका बारेमा प्रश्न गर्ने र सजायको व्यवस्थासमेत गरिएको बताउनुभयो । नागरिकता नहुँदा धेरै बालबालिकाहरूले अध्ययन/वृद्धिविकासमा समस्या भएको उहाँको भनाइ छ ।

त्यसैगरी, अङ्गीकृत नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्थामा बाबुका आधारमा विदेशको नागरिकता नलिएको भन्ने नागरिकता प्राप्त गर्ने व्यक्तिले मात्र स्वघोषणा गर्ने व्यवस्था भएकामा निजको आमाले समेत स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको मन्त्री लेखकले जानकारी दिनुभयो ।

"बुबाको मृत्यु भएको, जीवित रहँदा पनि नागरिकता प्राप्तिमा सहयोग नगरेमा तथा अर्को विवाह गरेर गएको अवस्थामा सन्तानलाई आमाकै नामबाट नागरिकता दिने व्यवस्था विधेयकमा राखिएको छ," लेखकले भन्नुभयो, "आमाको नामबाट नागरिकता पाउने कुरालाई हामीले अहिले सरलीकृत गरेका छौं ।"

आमाका नामबाट नागरिकता उपलब्ध गराउने विषयमा सर्वोच्च अदालतबाट सरकारलाई निर्देशनात्मक आदेशसमेत भएको अवस्थामा विधेयक अगाडि बढाएको मन्त्री लेखकको भनाइ थियो ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np